# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

पाँचौं अधिवेशन

बैठक संख्या -८

## दैनिक कार्यसूची

२०८१ फागुन ५ गते, सोमबार

दिनको १:०० बजे

### सन्देश टेबुल

१. राष्ट्रिय सभामा उत्पत्ति भएको “नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१” का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गरिने ।

### वार्षिक प्रतिवेदन पेश

२. सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले "राष्ट्रिय सुरक्षा परिषद्को छैटौं वार्षिक प्रतिवेदन (आ.व. २०७९/८०) र सातौं वार्षिक प्रतिवेदन (आ.व. २०८०/८१)" पेश गर्नुहुने।

### व्यवस्थापन कार्य

३. सम्माननीय सभामुखले "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुने।

४. माननीय गृह मन्त्री रमेश लेखकले "नेपाल प्रहरी विधेयक, २०८१ माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

५. सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलेः-

(क) "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको राष्ट्रिय सभामा उत्पत्ति भएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने।

(ख) "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०८१ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने।

### अन्तर्राष्ट्रिय श्रम मापदण्डहरूको संयन्त्रहरु सम्बन्धी प्रतिवेदन पेश

६. माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीले "अन्तर्राष्ट्रिय श्रम संगठनको अन्तर्राष्ट्रिय श्रम सम्मेलनले स्वीकृत गरेका नयाँ अन्तर्राष्ट्रिय श्रम मापदण्डहरूको संयन्त्रहरु (महासन्धि, प्रोटोकल र सिफारिस) सम्बन्धी प्रतिवेदन" पेश गर्नुहुने।

पद्म प्रसाद पाण्डेय

महासचिव